
# लेखापरीक्षण प्रतिवेदन

## धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/214

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,

धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रामेछाप ।

## कैफियत सहितको राय

हामीले धुलिखेल नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ५२ लाख ५७ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.९५ लाख ५१ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५७ लाख ५५ हजार समेत गरी रु.१६ करोड ५ लाख ६४ हजार समावेश गरेको छैन ।

2. नगरपालिकाको रु.१ अर्ब ७५ करोड ९३ लाख २२ हजारको लेखापरीक्षण गरिएकोमा रु.१ करोड ९० लाख २९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ४५ लाख ९७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.२ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२३ लाख ८९ हजार र नियमित गर्नुपर्ने रु.१७ लाख ९९ हजार रहेको छ । गत वर्षसम्म रु.२५ करोड २६ लाख ६६ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.३ करोड ५० लाख ४५ हजार फछर्यौट भई रु.२१ करोड ७६ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु.१५ लाख ९ हजार थप भई रु.२१ करोड ९१ लाख ३० हजार कायम भएकोमा यो वर्षको रु.४४ लाख ३२ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२२ करोड ३५ लाख ६२ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, ... पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | ५२ | १,९०,२९,८४२ | ० | ३९ | १,४५,९७,४३३ | ० | ४७ | १३ | ४४,३२,४०९ | २,४४,००९ | १७,९८,७८० | २३,८९,६२० | ० | ० | ४१,८८,४०० | ० |

अद्यावधिक बेरुजू स्थिति रु. हजारमा

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलान्चोक | २५२६६६ | ० | ३५०३८ | २१७६२८ | १५०९ | ४४३२ | २२३६६९ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ७ | पेश्की व्यवस्थापन | ३८,९६,००० |
| २ | २०७८/७९ | ६.३ | अनुदान फिर्ता नभएकोः | २,५०,००,००० |
| ३ | २०७८/७९ | २१.२ | पेश्की | २५,९२,००० |
| ४ | २०७८/७९ | ४६ | स्वास्थ्य केन्द्रलाइ वढी भुक्तानीः | १४,४१५ |
| ५ | २०७९/८० | ३३ | पेश्की बाँकी | ३०,००,००० |
| ६ | २०७९/८० | २८ | दलित छात्रवृत्ति कार्यक्रम | १,२०० |
| ७ | २०७९/८० | ७०.२ | आन्तरिक लेखापरीक्षण | ५,७५८ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ६१ | सडक निर्माणको ट्याककोट कार्यमा बढी भुक्तानी | ५,३५,२५५ |
| ९ | २०८०/८१ | २४ | बीमामा बढी भुक्तानी | ३४,८१९ |
| १० | २०८०/८१ | ३४ | विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना | ३२,००,००० |
| ११ | २०८०/८१ | ४२.२ | सामाजिक सुरक्षा तर्फ | ६३,४६,३७१ |
| १२ | २०८०/८१ | ३६ | पि एस आईटममा बढी भुक्तानी | ३५,५९९ |
| १३ | २०८०/८१ | २७.२, २७.३ २७.५ | आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | ६१,९४६ |
| १४ | २०८०/८१ | १४.३, १४.४, १४.५ | आन्तरिक आय तर्फ | ३७,१२,२५५ |
| १५ | २०८०/८१ | २८ | पेश्की बाँकीको विवरण | १२,०६,४४३ |
| जम्मा | | | | ४,९६,४२,०६० |

**नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|

# (८०३२६४०१३०० - धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु धुलिखेल नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा, क्षेत्रफल ५५ वर्ग किलोमिटर तथा ३३७२६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।१९ देखि २०८१।०८।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति**

पालिकाको आय – व्ययतर्फ रु. १अर्ब ७५ करोड ९३ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६६१४५ असुल भइ संघीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | बैंक | रकम रु. | राजश्व शीर्षक नं | दाखिला मिति |
|---|---|---|---|---|---|
| १ | श्री सञ्जिवनी मा.वि बढी भुक्तानी | राष्ट्रिय वाणिज्य बैंक | ७,२०० | १५१११ | २०८१।०९।११ |
| २ | स. ले. पा. प्रेरणा बडाल | राजश्व प्रणालीबाट | १९,७९५ | १५१११ | २०८१।०९।२५ |
| ३ | श्री श्रीखण्डपुर मा.वि | राजश्व प्रणालीबाट | १९,६०० | १५१११ | २०८१।०८।२७ |
| ४ | श्री कालिका मा.वि | राजश्व प्रणालीबाट | ७,२०० | १५१११ | २०८१।०९।२५ |
| ५ | कक्षा-८ को परीक्षा व्यवस्थापन | राजश्व प्रणालीबाट | १२३५० | १५१११ | २०८१।०९।२५ |
| | | जम्मा | ६६,१४५ | | |

२ **एकीकृत वित्तीय विवरण**

**धुलिखेल नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तीय विवरण**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु** | ४७९७१९२९९.९९ |
| | संचित कोष | २३४९१३६६.११ | २ | **पूँजीगत** | १९२७१७३०६.६८ |
| | धरौटी खाता | १९६५५१८६.३४ | ३ | **बित्तीय व्यवस्थापन** | ३१७२२१५.०० |
| | प्रकोप व्यवस्थापन खाता | १९३७६०४.५० | ४ | **धरौटी फिर्ता** | १००१८०६२.०० |
| | विविध कोष (कल्याण कोष खाता) | ५९४१३३२.२५ | ५ | **कोष खर्च** | |
| | विविध खर्च खाता | ३५२७७७५५.०० | | विविध खर्च खाता | १४४००३५२.०० |
| | आन्तरिक राजस्व खाता | १६८६३५६.६७ | | प्रकोप व्यवस्थापन कोष | ४६३७३७७.०० |
| | विभाज्य कोष खाता | १५२०००.०० | | विविध कोष (कल्याण कोष खाता) | **0.00** |
| २ | यस वर्षको धरौटी आम्दानी | ५५७२७७४.०० | ६ | **मोज्दात** | |
| ३ | **आन्तरिक राजश्व आम्दानी** | | | संचित कोष | ५३९०३१८५.३३ |
| | आन्तरिक राजश्व | ६३७२६३९०.९० | | आन्तरिक खाता | ५८३३०.५० |
| | राजश्व बाँडफाँड - प्रदेश सरकार | १००५०५१५६.६० | | धरौटी मौज्दात | १५२०९८९८.३४ |
| | राजश्व बाँडफाँड - संघीय सरकार | ७१७३९९४८.३६ | | विविध कोष (कल्याण कोष खाता) | १०९४१३३२.२५ |
| | अन्य आय बन रोयल्टी | २०७२.३७ | | प्रकोप व्यवस्थापन खाता | १३२५१५४.२१ |
| | जनसहभागिता | २०४१३०१.०८ | | विविध खर्च खाता | ३५४१६२१५.९८ |
| ४ | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | विभाज्य कोष खाता | १५२०००.०० |
| | वित्तीय समानीकरण अनुदान | १०८९९६०००.०० | ७ | सामाजिक सुरक्षा कार्यक्रम | १४५२५७६९९.०० |
| | सशर्त अनुदान | २८९७६२३३०.०८ | ८ | पर्यटन पूर्वाधार विका आयोजना | ९५५१४५४.०० |
| | समपूरक अनुदान | ५४९८०१३.०० | ९ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५७५५०००.०० |
| | विशेष अनुदान | ६८३०३५०.०० | | | |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| | वित्तीय समानिकरण अनुदान | ११८४८०००.०० | | | |
| | सशर्त अनुदान | १५३६५४५२.०० | | | |
| | समपुरक अनुदान | ८२२६७५९.०० | | | |
| ६ | **विभिन्न कोष तर्फको आय** | | | | |
| | धरौटी खाता | ५५७२७७४.०० | | | |
| | विविध कोष (कल्याण कोष खाता) | ५००००००.०० | | | |
| | प्रकोप व्यवस्थापन कोष | ४०२४९२६.७१ | | | |
| ७ | **विविध खर्च खाता (विभिन्न निकायबाट प्राप्त रकम)** | | | | |
| | सडक बोर्ड नेपाल | ८६५५८०१.३१ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुदानमा आधारित कार्यक्रम | 10957825.०० | | | |
| | सिएमसि नेपाल | १४८५५७४.०० | | | |
| | गणेश पाटि निर्माण | २००००००.०० | | | |
| | हरिसिद्धि आधारभुत विद्यालय निर्माण | ३८२६०८०.०० | | | |
| | विज्ञान तथा प्रविधि मन्त्रालय | १५०००००.०० | | | |
| | जापानिज भाषा कक्षा संचालन | ३९१६००.०० | | | |
| ८ | **CGAS कोलेनिकाबाट सोझै निकासा** | | | | |
| | सामाजिक सुरक्षा कार्यक्रम | १४५२५७६९९.०० | | | |
| | पर्यटन पूर्वाधार विका आयोजना | ९५५१४५४.०० | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५७५५०००.०० | | | |
| **जम्मा** | | **९८२२३४८८२.२८** | **जम्मा** | | **९८२२३४८८२.२८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाको सुत्रमा जम्मा वित्तीय कारोवार रु.८२ करोड १६ लाख ७० हजार रहेको छ भने CGAS तर्फ सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ५२ लाख ५८ हजार, पर्यटन पूर्वाधार विका आयोजना कार्यक्रमको रु.९५ लाख ५१ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.५७ लाख ५५ हजार समेत गरी रु.१६ करोड ५ लाख ६४ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **गत आर्थिक वर्षको जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१० करोड ४४ लाख ३३ हजार मौज्दात रहेकोमा यो वर्ष रु.८ करोड ८१ लाख ४१ हजार जिम्मेवारी सारेको छ । गत वर्षको मौज्दात भन्दा रु.१ करोड ६२ लाख ९२ हजार घटी मौज्दात सारेकोमा पुनः भौचर नम्बर २ मिति २०८० भाद्र २५ मा रु.१,९८,५७,६३०।७३ गत वर्षको मौज्दात अल्या गरेको छ । गत वर्षको मौज्दात भन्दा रु.३५,६५,७३० बढी जिम्मेवारी सारेको देखियो । मौज्दात एकिन गर्दा आर्थिक वर्षको सुरुमा नै यथार्थता एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.४

**सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.५८,३३०.५० मौज्दात रहेको देखियो । मिति २०८० आषाढ ३० गते इ.एफ.टी गरेकोमा बैंक जम्मा हुन बाँकी देखिएकोले उक्त रकम बाँकी रहेको पालिकाको भनाई रहेको छ । तसर्थ आर्थिक वर्ष २०८१।८२ मा उक्त रकम सञ्चित कोषमा ट्रान्सफर गरेको छ । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

४ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६ करोड ३७ लाख २६ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.६८ करोड ४५ लाख ४१ हजार समेत रु.७४ करोड ८२ लाख ६७ हजार आम्दानी भएकोमा चालु तर्फ रु.४७ करोड ९७ लाख १९ हजार र पूँजीगत तर्फ रु.१९ करोड २७ लाख १७ हजार र वित्तीय ब्यबस्था तर्फ रु.३१ लाख ७२ हजार समेत रु.६७ करोड ५६ लाख ८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १८.२१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१ करोड १ लाख ४६ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५.९२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१ प्रतिशत चालु, २८.५२ प्रतिशत पूँजीगत तर्फ र ०.४८ प्रतिशत वित्तीय व्यवस्था तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालना एवं कार्यान्वियन ऐनमा भएको व्यवस्था बमोजिम तोकिएको समयावधी भित्र गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्था बमोजिम कार्यान्वियन गर्नुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुखले मिति २०८० आषाढ ६ मा रु.१ अर्व १५ करोड १५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८० आषाढ ६ मा पारित भएको छ । यसैगरी स्थानीय

तहका प्रमुखले मिति २०८० साउन १ मा रु.८६ करोड ६३ लाख प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ **अवण्डा बजेट**

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.३ करोड बजेट अबण्डा नगरभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगर प्रमुखको निर्णयबाट योजना तथा कार्यक्रम तर्जूमा गरी बजेट खर्च गर्ने गरेको देखिन्छ । पालिकाले अवण्डा राखेको रु.३ करोडबाट बाटो मर्मत तथा सरसफाई, सिढि निर्माण, विभिन्न सरकारी भवन निर्माण तथा मर्मत लगाएतका ५३ वटा योजनाहरु सञ्चालन गरेको छ । अतः पालिको बजेट अवण्डा राखी नगरभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगर प्रमुखको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । अवण्डा बजेटबाट योजना छनोट गरी कार्यान्वियन गरेका केही योजनाको विवरण देहाय बमोजिम रहेको छः

| सि नं | योजना नाम | रकम |
|---|---|---|
| १ | वडाकार्यालय भवन मर्मत वडा न १ | ८,५८,३४५ |
| २ | धुलिखेलसंग्रहालय निर्माण | ३,४२,००० |
| ३ | बालज्योतीआधारभूत विद्यालयको चारकोठे भवनको प्लाष्टर | ८,८०,००० |
| ४ | अरनिकोराजमार्ग चक्रदेवी मन्दिर मुनिको बाटो स्तरोन्नती | ५,५०,००० |
| ५ | २८किलो चोक हुँदै काठमाण्डौ विश्वविद्यालय जाने सडक | ६,७४,९६७ |
| ६ | गौखुरेश्वरहुँदै भट्टेडाँडा काभ्रेभञ्याङ्ग सडक | १६,२०,००० |

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । **(रु हजारमा)**

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९१८२ | २१८७२ | ७४.९५ |
| २ | पूर्वाधार विकास | २३७१८२ | १४८५४६ | ६२.६२ |
| ३ | सामाजिक विकास | ४०९७७६ | ३६०८१६ | ८८.०५ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८५१३ | ९५२७ | ५१.४६ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १६८७५८ | १३४८४५ | ७९.९ |

उल्लेखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक बिकास मा सबैभन्दा बढी ८८.०५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ५१.४६ प्रतिशत रहेको छ । तसर्थ पालिकाले आवश्यक्ताको आधारमा सबै क्षेत्रमा सन्तुलित विकास मार्फत जनताको जीवनस्तर सुधार गर्ने गरी बजेट विनियोजन र कार्यक्रमको कार्यान्वियन गर्नुपर्दछ ।

१० **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ वित्तीय हस्तानतरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस आर्थिक वर्षमा संघीय सरकाको अनुदान र प्रदेश सरकारको अनुदानको प्राप्ती, बजेट खर्च र अनुदान फिर्ताको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३२४९१२ | २८९७६२ | ३५१५० |
| | विषेश | ७००० | ६८३० | १७० |
| | समपुरक | ५५०० | ५४९८ | २ |
| प्रदेश सरकार | शसर्त | २२०९४ | १५३६५ | ६७२९ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | १०००० | ८२२६ | १७७३ |
| | जम्मा | ३६९५०६ | ३२५६८१ | ४३८२५ |

पालिकाले संघीय सरकारबाट रु.३३ करोड ७४ लाख १२ हजार अनुदान प्राप्त भएकोमा रु.३० करोड २० लाख ९० हजार खर्च भएको छ भने खर्च बाँकी रहेको रु.३ करोड ५३ लाख २२ हजार यसै आर्थिक वर्षको अन्त्यमा संघीय सञ्चित कोषमा फिर्ता गरेको छ । प्रदेश सरकारबाट रु.३ करोड २० लाख ९४ हजार अनुदान प्राप्त भएकोमा रु.२ करोड ३५ लाख ९१ हजार खर्च भएको छ भने खर्च बाँकी रहेको रु.८५ लाख २ हजार यसै आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

## ११ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । **(रु. हजारमा)**

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पुँजीगत खर्चतर्फ | १९२७१७ | ६२७६ | २८९८६ | ६६२९५ | ९११५८ | ३२२२१ |
| प्रतिशत | १०० | ३.२५ | १५.०४ | ३४.४ | ४७.३ | १६.७१ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१९ करोड २७ लाख १७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा कुल पूँजीगत खर्चको ३.२५ प्रतिशत, दोस्रो त्रैमासिकमा १५.०४ प्रतिशत तेस्रो त्रैमासिकमा ३४.४० प्रतिशत चौथो त्रैमासिकमा ४७.3० प्रतिशत खर्च गरेको देखिएको छ भने आषाढ महिनामा मात्र १६.७१ प्रतिशत खर्च भएको छ । पालिकाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा आंशिक रुपमा गरेको,

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को ६२ बमोजिम राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) मा तोकिए बमोजिम प्रदेश लोक सेवा आयोगमा रिक्त पदको सूचना दिएको,
- धुलिखेल नगरपालिका सहकारी ऐन, २०७४ अनुसार सहकारी संस्थाको अनुगमन नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, लेखाङ्कन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक नगरेको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसके पछि सार्वजनिक निकायले भौतिक संरचना लगाएत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा विगत वर्ष देखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,
- भवन संहिता ऐन, २०५५ अनुसार भवन संहिता पालना नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## १४ आन्तरिक आय तर्फ

१४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५ करोड ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६ करोड ३७ लाख २६ हजार अर्थात अनुमान भन्दा ११५.८६ प्रतिशत बढी आय प्राप्त गरेको छ । पालिकाको आन्तरिक आम्दानीको दायरा विस्तार गर्न सकिने सम्भाबना देखिएकोले आन्तरिक आयको अनुमानलाई विश्वसनिय बनाउनु पर्दछ । पालिकामा सम्पत्ती कर र व्यावसाय करको दायरामा विस्तार गर्ने र सबैलाई करको दायरामा ल्याउन कर शिक्षाको माध्यामबाट प्रयत्न गर्नुपर्ने देखिन्छ ।

१४.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिकाको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| पालिकाको जम्मा खर्च | आन्तरिक आय | जम्मा खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत |
|---|---|---|
| ७०४६६४ | ६३७२६ | ९.०४ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.७० करोड ४६ लाख ६४ हजार रहेकोमा आन्तरिक आय ६ करोड ३७ लाख २६ हजार रहेको छ जुन पालिकाको जम्मा खर्चको तुलनामा आन्तरिक आय ९.०४ प्रतिशत रहेको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ पहल गर्नुपर्दछ ।

१४.३ ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७५,२३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **८५,३७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७८,४६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **११२,१५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७०,२७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७५,४५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५२,७५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५७४,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१४.४ ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७०,०००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१४.५ **घर जग्गा बहाल कर** - धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ४ मा (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूची - ३ बमोजिम बहाल कर लगाइने र असुल गर्ने व्यवस्था छ । पालिकाको सुत्रमा दर्ता भएका देहायका करदाताले यस आर्थिक वर्षमा बहाल कर तिर्न बाँकी रहेको देखिन्छ । पालिका भित्र बहाल व्यवसाय गर्ने करदातालाई करको दायरामा ल्याउनुपर्ने देखिन्छ । कृष्ण प्रसाद तिवारीको बहाल कर रु.१,०२,००० समेत सुत्रमा देखिएको अन्य कर समेत असुल गर्नुपर्ने रु.

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६७,१६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२८०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५०,५५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७८,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२७९,४१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१६२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,००० |

## १५ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४ | १४ | १८ | १५ | ३ |

पालिकाले न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउनु पर्दछ ।

## १६ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम ११६ वटा कानून निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ५७ |
| २. | कार्यविधि | ७ |
| ३. | निर्देशिका | ५२ |
| **जम्मा** | | **११६** |

## १७ योजना तर्जूमा र कार्यान्वयन

१७.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१७.२ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९ करोड २७ लाख १७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७.३

**योजना छनौट र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ६५ | २९५१२९३ |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | १९१ | ३४५६९३१८ |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | ८२ | ३७१७८९७५ |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | ४९ | ३८९०७५५० |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | ३६ | ६१४२४८१९ |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | १८ | ९८७४१९६४ |
| **जम्मा** | | ४४१ | **१३१४६७२५६.६८** |

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा कुल ४४१ वटा आयोजनामा रु.१३ करोड १४ लाख ६७ हजार बजेट खर्च गरेको छ । बजेट खर्च मध्ये सानातिना योजना बढी सञ्चालन गरेको छ । कुल योजना मध्ये रु.१० लाख भन्दा कम लागतका ३८७ वटा योजनामा रु.११ करोड ३६ लाख ७ हजार बजेट खर्च लेखेको छ जुन कुल योजना संख्याको ८७.७५ प्रतिशत हुँन आउछ । तसर्थ पालिकाले साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी हासिल गर्न कठिनाइ हुने, साना तथा वितरणमूखी योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना तर्जुमा गर्नुपर्दछ ।

१७.४ **ठेक्का प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले ठेक्का प्रक्रिया मार्फत सञ्चालन गरेका आयोजनाहरु मध्ये केहीको प्रतिस्पर्धाको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि.न. | योजनाकोनाम | ठेक्का नं | प्रतिस्पर्धीगर्ने संख्या | लागत अनुमान (भ्याटबाहेक) | कबोलरकम | घटीप्रतिशत | ठेक्कापरेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|---|
| १ | Treatment Plant Maintenance | 01/SQ/WORKS/DHUMUN/2080-81(RE) | ७ | १७१८५५० | १४३८०५२ | १६.३२ | Sangden Construction |
| २. | Construction of BP Highway Panditthok Road | 02/SQ/WORKS/DHUMUN/2080-81 | ५ | २१३९७३८ | १४६४३३८ | ३१.७७ | Regmi Ni sewa |
| ३. | Construction of Darimbot Road | 03/SQ/WORKS/DHUMUN/2080-81(RE) | ७ | १२८६९९७ | ९५६९६६ | २६.०२ | S.N GLOI CONSTRUCTI AND SUPPLI |
| ४. | Construction of Lankhanamai-BP Highway Road | 07/SQ/WORKS/DHUMUN/2080-81(RE) | १३ | १२७११८४ | ९५९४६२ | २५.८३ | SIGDEL CONSTRUCTI |
| ५. | Construction of Piple Road | 08/SQ/WORKS/DHUMUN/2080-81(RE) | ८ | १२७०२९७ | ८८८०६२ | ३१.४४ | S.N GLOI CONSTRUCTI AND SUPPLI |
| ६. | Construction of Aaghori Baba Road | 09/SQ/WORKS/DHUMUN/2080-81(RE) | ६ | १२६८४३४ | ९९४८१० | २३.०९ | SK NIRN SEWA |
| ७. | Construction of Panchakanya Aadharbhut School Building | 01/NCB/WORKS/DHUMUN/2080-81 | ३२ | १७०८५६४४ | १११९०८७१ | ३५.१८ | Suneheri Dr and constructio |
| ८. | Blacktopping of Khawa Kalchhe Road | 02/NCB/WORKS/DHUMUN/2080-81 | ४ | ११९२५६९१ | ९६२६२०४ | १९.६७ | Rp constru tatha Suppliers |
| ९. | Construction of Sanjibani School Museum | 03/NCB/WORKS/DHUMUN/2080-81 | १७ | १०९९२२३१ | ६४१२६१९ | ४१.६६ | Kayam Construction |
| १०. | Construction of Pakucha Dobhan Dhulikhel Sadak | 04/NCB/WORKS/DHUMUN/2080-81 | २ | २१०९६०३ | १५४०३७५ | २८.६७ | Bhairawi engineering Ltd |
| ११. | Construction & Maintenance of Manegoth Kampani Sadak | 05/NCB/WORKS/DHUMUN/2080-81 | १ | २१११९६३ | ११६८९१४ | ४५.९३ | Kayam Construction |
| १२. | Construction Of ward no. 3 Office Building | 09/NCB/WORKS/DHUMUN/2080-81 | ६ | ६३१२५७५ | ४१०६७८३ | ३५.५० | Chamapak Nai Nirman Sewa |

उल्लेखित विवरण अनुसार आयोजनाको ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी Construction & Maintenance of Manegoth Kampani Sadak मा लागत अनुमानको तुलनामा ४५.९३ प्रतिशत घटीमा सम्झौता भएको छ भने सबै भन्दा कम Treatment Plant Maintenance योजनामा लागत अनुमानको तुलनामा १६.३२ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको छ । खुला बोलपत्रको माध्यामबाट कार्य गर्दा प्रतिस्पर्धाको स्थिति र निर्माण कार्यको गुणस्तर कायम हुने गरी ठेक्का व्यवस्था हुनुपर्दछ ।

१७.५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१७.६ **ठेक्का बन्दोबस्त** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ । **(रु. हजारमा)**

| कार्यक्रम /शिर्षक | खरिद सम्झौता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जम्मा | | | प्रथम त्रैमासिक | | द्वितीय त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | यस वर्ष सम्पन्न |
| बोलपत्रबाट | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या |
| खुल्ला बोलपत्रको माध्यायमबाट | २७ | ६१२४९ | ० | ० | २ | २२४४ | १७ | १९५८४ | १ | ५१४६१ | २७ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रु.६ करोड १२ लाख ४९ हजार लागतको २७ ठेक्का बन्दोबस्त गरेकोमा दोस्रो त्रैमासिकमा रु.२२ लाख ४४ हजारको २ ठेक्का, तेश्रो त्रैमासिकमा रु.१ करोड ९५ लाख ८४ हजारको १७ ठेक्का र चौथो त्रैमासिकमा रु.५ करोड १४ लाख ६१ हजारको एक ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्तमा सबै ठेक्काको कार्य सम्पन्न भएको अवस्था छ । नियमावलीमा भएको उल्लेखित व्यवस्था बमोजिम प्रथम त्रैमासिक अवधि भित्र ठेक्का व्यवस्थापनको कुनै कार्य नभई दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्त्य तिर आयोजना निर्माण कार्य सम्पन्न गर्ने समयको चाप पर्ने र तेक्का सम्पन्न गर्न कठिनाई हुने हुँदा नियमावलीमा तोकिएको तोकिएको अवधि भित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

१७.७ **निर्माण कार्य व्यवस्थापन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ४६८ | २७ | ६१२५० | ४४१ | १३१४६७ |

उल्लेखित विवरण अनुसार पालिकाले यस वर्ष सञ्चालन गरेका कुल ४६८ योजना मध्ये ठेक्का मार्फत् २७ वटा योजनाका लागि रु.६ करोड १२ लाख ५० हजारको सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत् ४४१ योजनाका लागि रु.१३ करोड १४ लाख ६७ लाखको सम्झौता गरेको छ । अर्थात् ४६८ योजना मध्ये ५.७६ प्रतिशत ठेक्का प्रक्रिया र ९४.२३ प्रतिशत योजना उपभोक्ता समिति मार्फत् संचालन गरेको देखिन्छ । पालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्दछ ।

## १८ औषधी खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १३ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले स्वास्थ्य तर्फको बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.२१ लाख ५० हजारको औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| भौ.नं मिति | भुक्तानी पाउनेको नाम | खरिद रकम रु | खरिद विधि |
|---|---|---|---|
| ४३१/२०८०।११।९ | योमन मेडिसिन सप्लायर्स | १८०२७० | कोटेशन |
| ८८/२०८०।०६।२४ | बासुकी मेडेसिन सप्लायर्स | ६१२४०० | कोटेशन |
| ४३२/२०८०।११।९ | हिमालयन सर्जिमेड प्रा लि | ३२४५१० | कोटेशन |
| २६६/२०८१।०३।१० | बंगलामुखी मेडिसिन सप्लायर्य प्रा लि | १०३३५९८ | बोलपत्र |
| **जम्मा** | | **२१५०७७७.५** | |

## १९ सहकारी तर्फ

१९.१ **सहकारी कानून निर्माण** – नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३)वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची – ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । धुलिखेल नगरपालिका सहकारी ऐन, २०७४ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

१९.२ **सहकारी संस्थाको विवरण** – पालिकामा वचत तथा ऋण सहकारी संस्था लि. ३४ वटा, बहुउदेश्यीय सहकारी संस्था लि. ९ वटा, कृषि सहकारी संस्था लि. २१ वटा र अन्य ४ समेत ६८ वटा संचालनमा रहेका छन । पालिकाले पालिकामा सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमिक्समा आवद्ध गर्न सकेको देखिदैन । ६८ वटा सहकारी संस्थाहरु सदस्य संख्या शेयर पूँजी बचत ऋण लगानी र जगेडा के कति रहेको छ सोको विवरण प्राप्त भएन । धुलिखेल नगरपालिका सहकारी ऐन, २०७४ मा भएको व्यवस्थाको पालना गरेको देखिदैन । अतः पालिकामा सक्रिय रुपमा संचालनमा रहेका सहकारी संस्थाहरु पालिकामा आवद्ध गरेको देखिएन । सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिएको देखिएन । नेपालको संविधानले सहकारी संस्थाको दर्ता देखि विघटन सम्मका सम्पूर्ण जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूची अन्तरगत राखेको तथा सहकारी क्षेत्र भित्रको सम्पूर्ण अविभावकिय दायित्व स्थानीय तहको रहेकोले सहकारी संस्थाहरुलाई पालिकाको सहकारी ऐन बमोजिम संचालनमा ल्याउने तर्फ ध्यानुपर्दछ ।

१९.३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ।

पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२० **आर्थिक सहायता**

पालिकाले यस वर्ष २०८०/८१ मा बमोजिम विपद व्यवस्थापन कोषबाट, विपन्नलाई औषधी उपचार लगायत विभिन्न व्यक्ति तथा समुहलाई यस वर्ष रु.३७ लाख ५५ हजार आर्थिक सहायता वितरण गरेको छ । पालिकाले यस वर्ष रु.६ करोड ३७ लाख २६ हजार आन्तरिक आय संकलन गरेकोमा आन्तरिक आयको ६.०२ प्रतिशत रकम आर्थिक सहायतामा वितरण गरेको छ । पालिकाले औषधी उपचार खर्चमा रु.१ लाख ५० हजार, लम्पी स्किन रोग नियन्त्रणमा रु.२४ लाख ३० हजार र बाढी पहिरो पिडितलाई रु.११ लाख ७५ वितरण गरेको छ । पालिकाले दैनिक रुपमा सञ्चालन गर्ने प्रशानिक कार्य लगाएतका उत्पादनमूलक क्षेत्रमा आन्तरिक आयको प्रयोग तथा परिचालन गरी वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२१ **जनशक्ति व्यवस्थापन**

२१.१ **कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको दरबन्दी अनुसार पदपूर्तीको अवस्था देहाय अनुसार रहेको छ ।

| **क्र.स.** | **स्वीकृत पद** | **स्वीकृत दरबन्दी सख्या** | **पदपूर्ती** | | **स्थायी पदपूर्ती हुँन बाँकी** |
|---|---|---|---|---|---|
| | | | **स्थायी** | **करार** | |
| १ | रा प द्धितीय | १ | १ | ० | ० |
| २ | दशौ तह | १ | १ | ० | ० |
| ३ | आठौ तह | ३ | ३ | ० | ० |
| ४ | सातौ / आठौ तह | ४ | ४ | ० | ० |
| ५ | छैटौ तह | १६ | ८ | ८ | ८ |
| ६ | पाचौ तह | ३६ | २४ | १२ | १२ |
| ७ | चौथो तह | २७ | ४ | २३ | २३ |
| ८ | का.स. | ३२ | १० | २२ | ० |
| ९ | ड्राइभर | ८ | ३ | ५ | ० |
| **जम्मा** | | १२८ | ५८ | ७० | ४३ |

उल्लेखित विवरण अनुसार पालिकाको कुल स्वीकृत दरबन्दी संख्या १२८ रहेकोमा विभिन्न ५८ पद स्थायी र ७० पदहरु करारमा नियुक्त गरेको देखिन्छ भने प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ती हुन बाँकी तर करारमा नियुक्त गरिएका अधिकृत स्तर छैठौं तह ८, सहायक स्तर पाँचौ १२ र सहायक स्तर चौथो २३ गरी ४३ पदहरु स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) मा तोकिए बमोजिम माग गरी करार सेवामा पदपूर्ती गरेका पदहरु स्थायी पदपूर्ती गर्ने तर्फ पहल गर्नुपर्दछ ।

२१.२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४५ जना स्वास्थ्यकर्मीहरुको रु.३ करोड २७ लाख ५५ हजार र पालिकामा कार्यरत १२३ कर्मचारीहरुको लागि रु.६ करोड ३३ लाख २० हजार समेत रु.९ करोड ६० लाख ७५ हजार तलब भत्ता भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेकोले ग्रेड रकम एकिन गर्न सकिएन । पालिकाले स्वास्थ्य तर्फका स्वास्थ्यकर्मी र पालिकाका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्ने तर्फ पहल गर्नुपर्दछ ।

२१.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.३० लाख ८६ हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आय रु.६ करोड ३७ लाख २६ हजार रहेकोमा कर्मचारी प्रोत्साहन भत्तामा आन्तरिक आयको ४.८४ प्रतिशत हुँना आउछ । पालिकाको आन्तरिक आयको अनुपातलाई आधार मानी कार्यविधि तर्जूमा गरी प्रोत्साहन भत्ता वितरण गर्दा कार्य सम्पादन सुचकको आधारमा खर्च लेख्नुपर्दछ ।

२२ **पञ्चकन्या आधारभुत विद्यालय भवन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पञ्चकन्या आधारभुत विद्यालय भवन निर्माणको लागि प्रदेश सरकारको ५० प्रतिशत र पालिकाको ५० प्रतिशतबाट जम्मा रु.२ करोड बजेट विनियोजन गरी रु.१,७०,८५,६४४।५९ को लागत अनुमान तयार गरी ठेक्का प्रकृया मार्फत योजना संचालन गरेको देखिन्छ । उक्त योजनाको लागि Sunheri Drilling and construction Pvt.Ltd. सँग रु.१,२८,२५,६८५।३६ मा ठेक्का सम्झौता गरेको भएता पनि उक्त योजना रु.१,२६,०८,१७१ मा सम्पन्न भएको छ । कार्य सम्पन्न अनुसार उक्त योजनामा प्रनेब सरकारको सम्झौता रकमको ५० प्रतिशतले हुने कन्टिन्जेन्सी खर्च बाहेक रु.६३,०४,०८५।६० अनुदान खर्च व्यहोर्नुपर्नेमा रु.७९,४५,२३२ व्यहोरेको देखिन्छ । प्रदेश सरकारको सम्झौता अनुसारको व्यहोर्नुपर्ने हिस्सा भन्दा रु.१६,२३,१४६ बढी व्यहोरेको देखिन्छ । उक्त योजनामा ठेक्का प्रकृया मार्फत भएको सम्झौता रकमको व्यहोर्नुपर्ने भन्दा बढी व्यहोरेको रु.१६,२३,१४६ प्रदेश सरकारको संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,२३,१४६ |

२३ **बजेटको सीमा भन्दा बढीको ठेक्का आह्वान**

कुनै पनि निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा र ठेक्का आह्वान गर्दा विनियोजित बजेटको सीमा भित्र रहेर कार्य गराउनु पर्दछ । पालिकाले योजनामा विनियोजित बजेट भन्दा बढीको लागत अनुमान तयार गरी ठेक्का सम्झौता गरेको देखिन्छ । पालिकाले देहायको ठेक्कामा लागत अनुमानको हाराहारीमा ठेक्का कबोल भएमा थप बजेटको सुनिश्चितताको बारेमा ध्यान दिएको देखिएन । तसर्थ पालिकाले निर्माण कार्य गर्दा विनियोजित बजेट भित्र रहेर लागत अनुमान तयार गर्ने र ठेक्का प्रकृयामा जानु पर्दछ ।

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट रु. | लागत अनुमान रु. (भ्याट र कन्टिन्जेन्सी सहित) | सम्झौता रकम रु. | विनियोजन भन्दा बढीको लागत अनुमान रु. |
|---|---|---|---|---|---|
| १ | खावा ठुलिटार कल्छे सडक निर्माण | ११०००००० | १३५३४०३१.९५ | १०९३५६११.२० | २५३४०३१.९५ |

२४ **बीमामा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३४,८१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **फरक दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत दररेटका आधारमा लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका उपभोक्ता समितिलाई निर्माणको भुक्तानी गर्दा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको देखिन्छ । तसर्थ पालिकाले स्वीकृत गरेको दर भन्दा बढी दरमा बढी भुक्तानी गरेको रु.५१,४००.३१ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौ नं मिति | योजना/उपभोक्ता समितिको नाम | निर्माण कार्य | कार्य परिमाण (घनमिटरमा) | स्वीकृत दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २०५-२०८०।०९।२९ | अधेरी सडक स्तरउन्नती धुलिखेल १२ उपभोक्ता समिति | PCC/RCC M15 1:2:4 | ५४.७६ | १९८७९.९० | ११३८८.३१ | २७८४०.५३ |
| २४६- ०८०।१०।२५ | नयाँपाटी पानी ट्याङ्की सडक निर्माण उपभोक्ता समिति | PCC/RCC M15 1:2:4 | १८.५३ | ११३८८.३१ | १२६५९.७५ | २३५५९.७८ |
| **जम्मा** | | | | | | **५१४००.३१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,४०० |

२६ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.५० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । तसर्थ उक्त कोषमा जम्मा गरेको रकम खर्च गर्ने स्पष्ट कानूनी मापदण्ड तयार गर्नुपर्दछ ।

२७ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२७.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखा परीक्षण गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले आ.व. २०८०।८१ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणले औंल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण अगावै असुल फछ्र्यौट हुनुपर्नेमा भएको नदेखिएकोले देहाय बमोजिम व्यहोराहरु समावेश गरिएको छ:

२७.२ ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७.३ ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५०,३४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७.४ **इन्धनमा बढी दर** - ६८३।२०८१।३।९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च भुक्तानी गर्दा विल भरपाई संलग्न गरी सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट जारी गरेको २०८१ जेष्ठ महिनाको इन्धनको कुपन बमोजिम ९४५ लिटर पेट्रोल र १३५७ लिटर डिजेलको भुक्तानी हुनुपर्नेमा उग्रचण्डी आयल स्टोरबाट प्राप्त संक्षिप्त कुपन बमोजिम भिडान गर्दा प्रयोग/माग गरिएकोभन्दा फरक १३६ लिटर डिजेलको प्रति लिटर रु.१५२.९० का दरले हुने रु.२०७९४.४० बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,७९४ |

२७.५ ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **८,०९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८ **पेश्की बाँकीको विवरण**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६९६,४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

२९ **कार्यक्रम खर्च**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को बुँदा नं १.२(१३) मा स्थानीय तह तथा प्रदेश सरकारले सशर्त अनुदानमा हस्तान्तरित कार्यक्रम र बजेटलाई आफ्नो नीति, कार्यक्रम एवम् बजेटमा अनिवार्य रुपले समावेश गर्ने, उक्त कार्यक्रमहरु भुक्तानीमा दोहोरोपना नहुने गरी आवश्यकता अनुसार आफ्नो स्रोतबाट बजेट थप गरी कार्यक्रम कार्यान्वियन गर्न सकिने व्यवस्था रहेको छ । साथै, निर्देशिकाको बुँदा नं १.३ मा एक बजेट उप-शीर्षकमा विनियोजित भएको रकम अर्को सब-बजेट उप-शीर्षकमा खर्च गर्न नसकिने व्यवस्था रहेको छ । यसरी थप कार्यक्रमका लागि पालिकाले आफ्नो आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्नेमा संघीय बजेटबाट नै खर्च लेखेको पाईएकाले देहाय बमोजिमका कार्यक्रम खर्च रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो भौ नं र मिति | संघीय कार्यक्रमको नाम | पालिकाको आन्तरिक कार्यक्रमको नाम | खर्च रकम रु. |
|---|---|---|---|
| २७६।०८१।०३।१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षक छनौट समितिको पदाधिकारीहरुको बैठक भत्ता तथा विज्ञ पारिश्रमिक | २,००,००० |
| ३२०।०८१।०३।२२ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | नगर शिक्षा समितिको बैठक भत्ता | २,७७,००० |
| ३२५।०८१।०३।२३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | वार्षिक शैक्षिक स्रोत प्रतिवेदन प्रकाशन | ८४,७५० |
| **जम्मा रु** | | | **५,६१,७५०/-** |

| प्रमाण पेश नगरेको | ५,६१,७५० |
|---|---|

३० **एम.आई.एस अपरेटर र फिल्ड सहायकको तलब**

गृह मन्त्रालयको मिति २०७९।०४।१९ को च नं १४८ र पञ्जीकरण विभागको मिति २०७९।४।१३ को परिपत्र बमोजिम एम.आइ.एस अपरेटर र फिल्ड सहायकको तलब भुक्तानी गर्दा सम्बन्धित स्थानीय तहले ५० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख रहेको छ । तर, पालिकाले यस आर्थिक वर्षमा तोकिएका कर्मचारीहरुको ८ महिनाको तलब तथा भत्ता संघीय सशर्त तर्फबाट भुक्तानी दिएको पाइयो भने ४ महिनाको तलब आन्तरिक स्रोतबाट भुक्तानी दिएको पाइयो । यसरी मासिक रुपमा तलब भुक्तानी दिँदा ६ महिनाको तलब भत्ता संघीय स्रोतबाट र बाँकी रहेको ६ महिनाको तलब पालिकाको आन्तरिक स्रोतबाट भुक्तानी हुनु पर्नेमा ८ महिनाको तलब भत्ता संघीय सञ्चित कोषबाट भुक्तानी भएको पाइएकाले बढी भुक्तानी हुन गएको २ महिना बराबरको तलब तथा भत्ता रकम रु २,०४,७२४। संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| सि नं | पद | कर्मचारी संख्या | मासिक तलब रु | २ महिनाको तलब रु |
|---|---|---|---|---|
| १. | एम.आइ.एस अपरेटर | २ | ३४,७३० | १,३८,९२० |
| २. | फिल्ड सहायक | १ | ३२,९०२ | ६५,८०४ |
| **जम्मा रु.** | | | | **२,०४,७२४/-** |

| प्रमाण पेश नगरेको | २,०४,७२४ |
|---|---|

३१ **विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को प्रथम संशोधन २०७५ बमोजिम बालविकास कक्षामा न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु ७,०००।- का दरले १३ महिना बराबरको तलब, चाडपर्व खर्च तथा पोषाक खर्च भुक्तानी भएकाले नियमसम्मत देखिएन । पालिकाले कक्षा संख्या, आवश्यकता र मार्गदर्शन पुस्तिकालाई मध्यनजर राखी नियमानुसार शिक्षक नियुक्ती गरी खर्च लेख्नुपर्नेमा सो गरेको पाईएन ।

| क्र सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बालविकास सहजकर्ता संख्या | नियुक्त बालविकास सहजकर्ता संख्या | रकम रु. |
|---|---|---|---|---|---|
| १ | श्री हरिसिद्धि आ.वि धुलिखेल | १७ | १ | ३ | ४,६२,००० |
| २ | श्री विनायक बाल आ.वि बडालगाउँ | २५ | १ | २ | २,३१,००० |
| ३ | श्री ठाकुर आ.वि कल्सेवेशी | २१ | १ | २ | २,३१,००० |
| ४ | श्री शंखेश्वर महालक्ष्मी मा.वि शंखु | १५ | १ | २ | २,३१,००० |
| **जम्मा रु.** | | | | | **११,५५,०००/-** |

## ३२ सेनेटरी प्याड व्यवस्थापन

सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ । तर उक्त कार्यविधि आर्थिक वर्ष २०७६।७७ सम्मको लागि मात्र लागू हुने उल्लेख छ । तत्पश्चात अन्य कुनै कार्यविधि स्वीकृत भई लागू भएको छैन । पालिकाले यस आर्थिक वर्षमा २७ वटा विद्यालयका छात्राहरुका लागि ठेक्का मार्फत ११,९८० प्याकेट सेनेटरी प्याड खरिद गरी डालिमा मेडिसेल्सलाई (भ्याट नं. ६०४९३३५१३) रु. १२,८६,०५३ भुक्तानी गरेको छ । साथै, नमूना परीक्षणका क्रममा सम्झौता बमोजिम एक प्याकेटमा २८०mm/ ८pcs हुनुपर्नेमा २६०mm/८pcs रहेको देखिन्छ । यसरी खरिद गरिएका सेनेटरी प्याडको उपयुक्त रुपमा नमूना परीक्षण गरी सम्झौता बमोजिमको सेनेटरी प्याड ढुवानी भएको यकिन गरेर मात्र वितरण गरिनुपर्दछ । खरिद गरेको प्याडको गुणस्तर परीक्षण गरेको प्रतिवेदन संलग्न रहेको छैन । जसमध्ये १०,९५६ प्याकेट विद्यालयलाई वितरण गरी १०२४ प्याकेट मौज्दातमा रहेको देखिएकोले कार्यक्रमको उद्धेश्य अनुरुप समयमै वितरण हुनुपर्दछ । कार्यक्रमको उद्धेश्य अनुसार लक्षित छात्राहरुलाई समयमै तोकिएको गुणस्तर बमोजिम सेवा उपलब्ध भयो भएन, खरिद भण्डारण कार्य मापदण्ड अनुरुप गरिएको छ छैन आश्वस्त हुने अवस्था विश्लेषण गर्न सकिएन । अनुगमन गरी उपयुक्त प्रतिवेदन लिएको देखिएन । कार्यविधि तयार गरी सोको आधारमा कार्यक्रम सञ्चालन गर्ने र प्रगति प्रतिवेदन तयार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

## ३३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ वमा पालिका अन्तर्गतका १२ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क्र.सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सिँढी निर्माण तथा बाटो स्तरोन्नति | ७ | ९१६०७० |
| २ | छोर्तेन निर्माण तथा ऐतिहासिक मठ मन्दिर रंगरोगन | २ | १७४०४८ |
| ३ | खानेपानी | २ | २२५१२० |
| ४ | बालमैत्री पार्क निर्माण | १ | ५४४३२ |
| ५ | पार्क बगैँचा तथा सार्वजनिक स्थानहरु सरसफाई | १४ | २९६०८३२ |
| **जम्मा** | | **२६** | **४३३०५०२** |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा यस आर्थिक वर्षमा रु.८१,००,००० बजेट विनियोजन भएकोमा रु.७८,७५,१२२ खर्च भई बजेट विनियोजनको अनुपातमा ९७.२२ प्रतिशत खर्च भएको देखिन्छ । खर्च मध्ये रु.४३,३०,५०२ श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ४३८ जना बेरोजगार व्यक्ति मध्ये यस वर्ष १२५ जनालाई जम्मा ६४४४ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।

३४ **विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३५ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ साथै पालिका र उपभोक्ता समितिबीचको सम्झौतामा आयोजनाको कूल लागतको ४० प्रतिशत उपभोक्ता समितिले जनश्रमदान गर्ने र ६० प्रतिशत पालिकाले भुक्तानी गर्ने उल्लेख छ । पालिकाले पानी ट्याङ्की किवीखेती तिवारीटोल सडक उपभोक्ता समितिलाई PCC 1:2:4 (machine mix) को कार्यमा ६८.०१ घ.मि. को स्वीकृत दररेट अनुसार रु.१०९४८.८४ का दरले भुक्तानी गर्नुपर्नेमा रु.१२६५९.७५ का दरले भुक्तानी गर्दा रु.११६३५८.९९ बढी भुक्तानी भएको छ । बढी भुक्तानी रकम मध्ये उपभोक्ताले जनश्रमदान गरेको ४० प्रतिशत पालिकाले भुक्तानी नगरेको हुँदा ६० प्रतिशत भुक्तानी भएको रु.६९८१५।३९ उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६९,८१५ |
|---|---|

३६ **पि एस आईटममा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३५,५९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

३७ **फरक शीर्षकमा भुक्तानी**

३३५।०८१।०३।२४ : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ बमोजिम खर्च गर्दा स्वीकृत बजेट तथा सम्बन्धित शीर्षकबाट गर्नुपर्ने उल्लेख छ । तर, पालिकाले देहायका शीर्षकबाट गर्नु पर्ने शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको पाइयो। यसरी तोकिएको शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गर्नु नियमसम्मत नदेखिएको रु.

| गो भौ नं मि | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको शीर्षक | रकम रु. |
|---|---|---|---|
| ३३५।०८१।०३।२४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १०,००,००० |
| ३२६।०८१।०३।२३ | तोकिएका विद्यार्थीका लागि दिवाखाजाका लागि विद्यालयलाई अनुदान | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | १,५४,८८० |
| **जम्मा** | | | **११,५४,८८०** |
| | | अनियमित भएको | ११,५४,८८० |

## ३८ विद्यालय व्यवस्थापन र शिक्षा तर्फ

३८.१ **शिक्षक दरबन्दी र पदपूर्ती** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

| सि नं | विद्यालय संख्या | स्वीकृत दरवन्दीसंख्या | स्थायी पदपूर्ति | राहत | करार |
|---|---|---|---|---|---|
| १ | २७ | २६६ | १७६ | ९० | ० |

उल्लेखित विवरण अनुसार पालिकामा सञ्चालनमा रहेका २७ वटा विद्यालयमा कुल शिक्षक दरवन्दी संख्या २६६ जना रहेकोमा १७६ जना स्थायी र ९० जना राहतमा पदपूर्ती गरी शैक्षिक कार्य भईरहेको देखिन्छ । पालिकाले गुणस्तरिय शिक्षा प्रदान गर्न शिक्षक ऐन, २०२८ अनुसार राहतमा पदपूर्ती गरेको पदहरु समेत स्थायी पदपूर्ती गर्ने तर्फ पहल गर्नुपर्दछ ।

३८.२ **शिक्षक विद्यार्थि अनुपात** - संघीय व्यवस्था अनुसार विद्यार्थि शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । सोही ऐनको १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केही विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| सिनं | विद्यालयको नाम | ठेगाना | विद्यार्थीसंख्या | शिक्षकसंख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | करथरी मा.वि. काभ्रे | धुनपा ९ | १०६ | १२ | १:९ |
| २ | सरस्वती मा.वि. बडालगाउँ | धुनपा ८ | १३३ | १५ | १:९ |
| ३ | महांकाल आ.वि. ठाँटीथोक | धुनपा ११ | ६४ | ७ | १:९ |
| ४ | पञ्चकन्याआ.वि. चोलामाथ | धुनपा ३ | २२० | ९ | १:२४ |
| ५ | मण्डलीदेवी आ.वि. कुत्ताल | धुनपा ३ | २९ | १ | १:२९ |
| ६ | सञ्जीवनी मा.वि. अड्डाबजार | धुनपा ७ | ११७६ | ३४ | १:३५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका २७ वटा विद्यालय २१८ जना शिक्षक र ४०१६ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१९ रहेको छ । पालिकामा रहेका विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:०९ देखि अधिकतम १:३५ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विलालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । पालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलानको कार्य गरेता पनि पुनः धुलिखेल शिक्षा ऐन, २०७६ को परिच्छेद दुई अनुसार यस कार्यलाई थप निरन्तर गर्नुपर्ने देखिन्छ ।

३८.३ **संस्थागत विद्यालयको छात्रवृत्ति** – धुलिखेल शिक्षा ऐन, २०७६ को दफा २६(४) बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै ऐनमा छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| सि नं | विद्यालय संख्या | विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्ने संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११ | २९६२ | ६७१ | २३ | धुलिखेलनगरपालिकाको वेव साइडमा नाम नामेसीसहित राखिएको |

उल्लेखित विवरण अनुसार पालिकामा संचालनमा रहेका ११ वटा संस्थागत विद्यालयमा कुल २९६२ जना विद्यालर्थी भर्ना भएकोमा न्यूनतम १० प्रतिशतले २९६ जनाले छात्रवृत्ति प्राप्त गर्नुपर्नेमा ६७१ जनाले प्राप्त गरेको देखिन्छ । संस्थागत विद्यालयको शैक्षिक शूल्क, लगाएत अध्ययनको स्तर समेतलाई पालिकाले समय समयमा अनुगमन गर्नुपर्ने देखिन्छ ।

## ३९ अनुदान व्यवस्थापन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कृषि/पशु सहकारी /समुहको नाम | विनियोजित बजेट (रु.) | अनुदान रकम (रु.) | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कृषि यान्त्रिक वितरण (मिनिटिलर ७० थान र ब्रस कटर ५३ थान) | कृषकलाई वितरण | २०,००,००० | १३,०५,९२३.५ | ५० | |
| २. | प्लास्टिक टनेल र प्लास्टिक मल्चिंग वितरण कार्यक्रम (१२० थान टनेल र ८४ थान मल्चिंग) | कृषकलाई वितरण | ४,००,००० | ३,९८,५८० | ५० | |
| ३. | आकस्मिक बाली संरक्षण अन्तर्गत(२८९ किट-सुन्तला बगैंचा व्यवस्थापन तथा सुधार कार्यक्रम) | कृषकलाई वितरण | ४,००,००० | ३,७४,१५५ | ५० | रु.२५,०००/- अभिमुखीकरण तालिममा खर्च |
| 4 | काउ म्याट वितरण | कृषकलाई वितरण | ७००००० | ४,०९,०५०.०० | ५० | |
| ५ | लम्पी भ्याक्सिन वितरण | | १०००००० | १०००००० | ५० | |
| ६ | गाई प्रवर्द्धन कार्यक्रम, धुलिखेल नगरपालिका २ | | १०००००० | ९,७९,६२०.०० | ५० | |
| **जम्मा** | | | | **३४६७३२८.५** | | |

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा ६ वटा कार्यक्रमको लागि रु.३४,६७,३२८.५० वितरण गरेको छ । अनुदान वितरणको अभिलेख राख्नुपर्नेमा राखेको छैन । विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराउन सकिने भिडान गर्न सकिने गरी प्रतिवेदन राखेको छैन । पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको एकिन गर्न समेत सूचकांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार हुनुपर्दछ ।

४० **उपभोक्ता समिति परिचालन**

पालिकाले यस वर्षको वार्षिक योजना तथा कार्यक्रम अनुसार सञ्चालित विभिन्न भौतिक पूर्वाधार लगायत निर्माण योजनाहरुमा रु.१९ करोड २७ लाख १७ हजारमा सम्झौता गरेको छ । उक्त योजना मध्ये २७ वटा कार्य बोलपत्रद्धारा गरेको छ भने ४४१ वटा कार्य उपभोक्ता समिति मार्फत गराई रु. १३ करोड १४ लाख १७ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देहायका व्यहोराहरु देखिएका छन् :

**(क) उपभोक्ता समिति दर्ता** - पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउने प्रयोजनको लागि उपभोक्ता समिति दर्ता गर्ने र सो को अभिलेख राख्ने कार्य विधि तयार गरी लागु गरेको छैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेकोमा मान्यता प्राप्त हुने गरी दर्ता भएको देखिएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भार कार्यमा जिम्मेवार बनाउन कठिनाई हुने भएकाले उपयुक्त कार्यविधि स्वीकृत गरी स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी प्रणालीको विकास गर्नुपर्दछ ।

**(ख) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरु सञ्चालन भईसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ ।

**(ग) हेभि-ईक्विपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उपनियम ९(क) अनुसार सो विपरीत हेभि मेशिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाईएन ।

**(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर सी सी फ्रेम स्ट्रक्चर सहितका भवन, पुल कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराएको छ । यस्ता कार्यहरु व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको प्रतिस्पर्धात्मक विधि मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

**(ङ) मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम १५ मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्नुपर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाईएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाईएकोले निर्मित आयोजनाहरुको सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

४१ **विविध तथा भैपरी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यतताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यर्स आन्तरिक आय अन्तरगत रु.६,३७,२६,३९० आम्दानी गरेकोमा विविध खर्च शीर्षक अन्तरगत यस वर्ष खाना, खाजा, अतिथि सत्कार लगाएत शीर्षकमा रु.२१,०१,२५९ खर्च गरेको छ जुन आन्तरिक आयको अनुपातमा ३.३० रहेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४२ **सामाजिक सुरक्षा तर्फ**

४२.१ **सामाजिक सुरक्षा** – आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र स | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | ३३७२६ | ३६६७ | १०.८७ | १४,५२,५७,६९९ |

उपरोक्त विवरण अनुसार पालिकामा २०७८ सालको जनगणना अनुसार लाभग्राहीको संख्या पालिकाको कुल जनसंख्याको १०.८७ प्रतिशत रहेको छ ।

४२.२ ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,९३५,२९९.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,४११,०७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा नगरपालिकाले योजना छनोट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा प्रतिफल छिटो प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने त्यसैगरी वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने समेत उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा देहायका वितरणमुखी कार्यक्रम रु. खर्च लेखेको छ । तसर्थ पालिकाले गैर उत्पादनमुलक खर्चमा कमी गर्दै उत्पादनमुलक र पूँजी निर्माण तथा रोजगारी वृद्धि हुने क्रियाकलाप छनोट एवं सञ्चालन गर्नुपर्दछ । यसका केही उदाहरण निम्नानुसार छन्

| भौ नं मिति | विवरण र खर्च | खर्च |
|---|---|---|
| ४७५-०८०।११।०८ | वडा नं ३ का जनप्रतिनिधी, शिक्षक र कर्मचारी अवलोकन भ्रमण खर्च | १०५००० |
| ४६४- ०८०।११।१७ | जेष्ठ नगारिक अशक्त एकल महिलालाई कपडा वितरण | २४०००० |
| ७०२- ०८१।०१।१३ | धुलिखेल नगर क्रिसमस कार्यक्रम खर्च | १००००० |
| ५९४- ०८०।१२।१६ | नगरपालिका जनप्रतिनिधी कर्मचारी नेपालको पूर्वी क्षेत्र भु-भाग अवलोकन भ्रमण | ७५५००० |
| ७५६- ०८१।०१।२८ | वडा नं १ का जनप्रतिनिधी, कर्मचारी र जेष्ठ नागरिक दोलखा भिमसेन दर्शन | १००००० |
| ८२५- ०८१।०२।०७ | नगरपालिकको वृत्त चित्र निर्माण | ९८२७६१ |
| १०७४- ०८१।०३।२९ | धुलिखेल शैक्षिक महोत्सव खर्च | ४००००० |
| ८०९- ०८१।०२।०४ | कर्मचारी तथा पदाधिकारी बाग्लुङ्ग पोखरा भ्रमण | ४९७५०० |
| **जम्मा** | | **३१८०२६१** |

४४ **करार सेवाका कर्मचारीलाई महङ्गी र स्थानीय भत्ता**

करार सम्झौताद्बारा नियुक्त हुने कर्मचारीको सेवा सुविधा सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ को परिपत्र अनुसार करारका कर्मचारीलाई महंगी भत्ता तथा स्थानीय भत्ता उपलब्ध गराउन नहुने उल्लेख छ । तर पालिकाले करार सम्झौतामा करार कर्मचारीलाई महंगी भत्ता र स्थानीय भत्ता उपलब्ध गराउने गरी नियुक्ती गरेको देखिन्छ । तसर्थ परिपत्रमा उल्लेख भएको व्यवस्था वेगर १० जना करारका कर्मचारीलाई भुक्तानी गरेको महङ्गी भत्ता र स्थानीय भत्ता रु.६४३८०० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,४३,९०० |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>घर जग्गा बहाल कर - धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ४ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूची - ३ बमोजिम बहाल कर लगाइने र असुल गर्ने व्यवस्था छ । पालिकाको सुत्रमा दर्ता भएका देहायका करदाताले यस आर्थिक वर्षमा बहाल कर तिर्न बाँकी रहेको देखिन्छ । पालिका भित्र बहाल व्यवसाय गर्ने करदातालाई करको दायरामा ल्याउनुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा नमूना छनोट गरिएका देहायका करदाताहरुको घरजग्गा बहाल करको लगत राखी सुत्रमा असुल गर्न बाँकी देखिएको पालिकाको रु.१५,१९,३८५ बहाल कर एकिन गरी असुल गर्नुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>करदाता कोड</th><th>करदाताको विवरण</th><th>आर्थिक वर्ष</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>०३६७१</td><td>बुद्धराम श्रेष्ठ</td><td>२०८०।८१</td><td>२७९४१२</td></tr>
<tr><td>२.</td><td>१२६११</td><td>आकाश खड्का</td><td>२०८०।८१</td><td>७८७५०</td></tr>
<tr><td>३.</td><td>२७५९१</td><td>शेष नारायण सुवाल</td><td>२०८०।८१</td><td>७२०००</td></tr>
<tr><td>४.</td><td>३०५३१</td><td>मुकुन्द पराजुली</td><td>२०८०।८१</td><td>५०५५६</td></tr>
<tr><td>५.</td><td>४०३४१</td><td>राम बहादुर लामा तामाङ</td><td>२०८०।८१</td><td>१६२०००</td></tr>
<tr><td>६.</td><td>४१९२१</td><td>ऋषिमुनी श्रेष्ठ</td><td>२०८०।८१</td><td>२८०५००</td></tr>
<tr><td>७.</td><td>४९२४१</td><td>अन्जना माकजु ब्याञ्जु</td><td>२०८०।८१</td><td>१०००००</td></tr>
<tr><td>८.</td><td>५९८०१</td><td>वृन्दा बस्नेत</td><td>२०८०।८१</td><td>१०००००</td></tr>
<tr><td>९.</td><td>००७२१</td><td>मिना शाही</td><td>२०८०।८१</td><td>१५१०००</td></tr>
<tr><td>१०.</td><td>८१०९१</td><td>मिनु माकजु श्रेष्ठ</td><td>२०८०।८१</td><td>७६०००</td></tr>
<tr><td>११.</td><td>०६३११</td><td>दिपक विष्णु बहादुर बिष्ट</td><td>२०८०।८१</td><td>६७१६७</td></tr>
<tr><td>१२.</td><td>६८६७१</td><td>कृष्ण प्रसाद तिवारी</td><td>२०८०।८१</td><td>१०२०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५१९३८५</td></tr>
</table>
</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>२</td><td>व्यवसाय कर – धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २६ अनुसार धुलिखेल नगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति संघसंस्था वा निकायलाई व्यावसायिक प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची २६ बमोजिम व्यवसाय कर लगाई असूल गर्ने व्यवस्था छ । साथै व्यवसाय कर असूल गर्दा बैङ्क तथा वित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग एकाई मानी असूल उपर गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमूना छनोट गरिएका देहायका करदाताहरुबाट सुत्रमा असुल गर्न बाँकी देखिएको रु.११,७१,००० व्यवसाय कर एकिन गरी असुल गर्नुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>करदाताको नाम</th><th>आर्थिक वर्ष</th><th>दर रु.</th><th>असुल गर्नुपर्ने रु.</th></tr>
<tr><td>१.</td><td>काठमाडौं विश्वविद्यालय</td><td>२०७४।७५</td><td>१५००००</td><td>७३५०००</td></tr>
<tr><td>२.</td><td>धुलिखेल आवाशिय माध्यामिक विद्यालय</td><td>२०७४।७५</td><td>१००००</td><td>७००००</td></tr>
<tr><td>३.</td><td>इम्यानुयल बोर्डिङ्ग स्कुल</td><td>२०७४।७५</td><td>१००००</td><td>७००००</td></tr>
<tr><td>४.</td><td>माउन्ट भ्यू इङ्लिस बोर्डिङ्ग स्कुल</td><td>२०७४।७५</td><td>१००००</td><td>७००००</td></tr>
<tr><td>५.</td><td>हिमालयन स्कुल</td><td>२०७४।७५</td><td>५०००</td><td>३५०००</td></tr>
<tr><td>६.</td><td>हिमाल ज्योति</td><td>२०७४।७५</td><td>५०००</td><td>३५०००</td></tr>
<tr><td>७.</td><td>शान्त एवं पारिवारिक होमस्टे</td><td>२०७४।७५</td><td>-</td><td>७८०००</td></tr>
<tr><td>८.</td><td>होटल भिस्ता भिल्ला</td><td>२०७४।७५</td><td>-</td><td>७८०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११७१०००</td></tr>
</table></td><td>०</td></tr>
</table>

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| ३ | **सम्पत्ति कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ तथा धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २ बमोजिम नगरपालिकाको क्षेत्र भित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल गर्नुपर्ने व्यवस्था उल्लेख छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका ठूला करदाताहरुको पहिचान गरी तिनीहरुलाई करको दायरामा ल्याउन थप प्रयत्न गर्नुपर्ने देखिन्छ । पालिका भित्रका संरचनाहरुको मूल्याङ्कन गर्दा स्वघोषणामा बाटो भए नभएको उल्लेख गर्दा वडा कार्यालयको सिफारिसलाई आधार मानी मूल्याङ्कन गर्दा संरचना र जग्गाको वास्तविक मूल्याङ्कन आउने र मूल्याङ्कनबाट निस्केको कर लिदा यथार्थ कर संकन हुने देखिन्छ । पालिकाका देहायका करदाताहरुको नमुना परीक्षण गर्दा सुत्रमा असुल गर्न बाँकी देखिएको देहायको रु.११,२३,८७० सम्पत्ति कर असुल गर्नुपर्दछ । | ० |

| सि नं | वडा नं | करदाता कोड | करदाताको नाम | असुल गर्नुपर्ने कर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | ०००५२ | धुलिखेल स्वास्थ्य सेवा संघ | ५७४१५२ | आर्थिक वर्ष २०७४।७५ सम्मको २०७५।२।१८ रु.५९०९५० तिरेको । |
| २ | १ | ४६४०१ | अर्जुन विजय महर्जन | ५२७५६ | |
| ३ | १ | ७३१५१ | रुशन, विनित, लाल, सिकु श्रेष्ठ | ८५३७३ | |
| ४ | | ८४१२१ | हेमनाथ गौतम | ७५४५७ | आर्थिक वर्ष २०७९।८० को रु.३४८९६ र आर्थिक वर्ष २०८०।८१ को रु.४०५६१ |
| ५ | | ४९२३१ | भरत कुमार ढुंगाना | ७०२७९ | आर्थिक वर्ष २०७९।८० को रु.३०८०७ र २०८०।८१ को रु.३६४७२ र अन्य रु.३००० |
| ६ | | ४३४०१ | बैकुन्ठ न्यौपाने | ११२१५५ | |
| ७ | | ०६३७२ | सुगम इन्भेष्टमेन्ट प्रा लि | ७५२३६ | |
| ८ | | ०१४०२ | अल्वा हिल्स रिसोर्ट प्रा लि | ७८४६२ | |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| ४ | **घर जग्गा बहाल कर** - धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ४ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूची - ३ बमोजिम बहाल कर लगाइने र असुल गर्ने व्यवस्था छ । पालिकाको सुत्रमा दर्ता भएका देहायका करदाताले यस आर्थिक वर्षमा बहाल कर तिर्न बाँकी रहेको देखिन्छ । पालिका भित्र बहाल व्यवसाय गर्ने करदातालाई करको दायरामा ल्याउनुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा नमूना छनोट गरिएका देहायका करदाताहरुको घरजग्गा बहाल कर रु.१५,१९,३८५ असुल गर्नुपर्ने देखिन्छ । | ० |

| सि नं | करदाता कोड | करदाताको विवरण | आर्थिक वर्ष | रकम |
|---|---|---|---|---|
| १. | ०३६७१ | बुद्धराम श्रेष्ठ | २०८०।८१ | २७९४१२ |
| २. | १२६११ | आकाश खड्का | २०८०।८१ | ७८७५० |
| ३. | २७५९१ | शेष नारायण सुवाल | २०८०।८१ | ७२००० |
| ४. | ३०५३१ | मुकुन्द पराजुली | २०८०।८१ | ५०५५६ |
| ५. | ४०३४१ | राम बहादुर लामा तामाङ | २०८०।८१ | १६२००० |
| ६. | ४१९२१ | ऋषिमुनी श्रेष्ठ | २०८०।८१ | २८०५०० |
| ७. | ४९२४१ | अन्जना माकजु ब्याञ्जु | २०८०।८१ | १००००० |
| ८. | ५९८०१ | वृन्दा बस्नेत | २०८०।८१ | १००००० |
| ९. | ००७२१ | मिना शाही | २०८०।८१ | १५१००० |
| १०. | ८१०९१ | मिनु माकजु श्रेष्ठ | २०८०।८१ | ७६००० |
| ११. | ०६३११ | दिपक विष्णु बहादुर बिष्ट | २०८०।८१ | ६७१६७ |
| १२. | ६८६७१ | कृष्ण प्रसाद तिवारी | २०८०।८१ | १०२००० |
| **जम्मा** | | | | **१५१९३८५** |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक , धुलिखेल नगरपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रसाद मरासेनी | २०८१-८-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भवानी प्रसाद मिश्र | २०८१-६-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,०५३,०२९ | १,८३४,३७९ | ११,९३५,९९०.८ | ० | ० | १,२०६,४४३ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १९,०२९,८४१.८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १४,५९७,४३२.८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,४३२,४०९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८८१४१६०० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४११०८६६९३ | चालु खर्च | ४७९७१९२९९ |
| प्रदेश सरकारबाट अनुदान | ३५४४०२११ | पूँजीगत खर्च | १९२७१७३०६ |
| राजश्व बाँडफाँट | १७२२४५१०४ | वित्तीय/अन्य व्यवस्था | १९२७९२१५९ |
| आन्तरिक आय | ६३७२६३९० | | |
| अन्य आय | २११५९४८८२ | | |
| कुल आय | ८९४०९३२८० | कुल खर्च | ८६५२२८७६४ |
| बाँकी मौज्दात | | ११७००६११६ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।